# पूर्वाञ्चल विश्वविद्यालय
# परीक्षा व्यवस्थापन कार्यालय
# बिराटनगर, नेपाल ।

आ.व.: २०८१/०८२ मितिः २०८१।१०।२८ गते

श्री क्याम्पस प्रमुख /डाइरेक्टरज्यू,
B.M.T./ B.I.D./ B.S.W./ B.J.M.C. अध्यापन गराउने सम्पूर्ण कलेज/क्याम्पसहरु ।

**विषयः परीक्षा आवेदन फाराम भराई पठाई दिने बारे ।**

उपरोक्त सम्बन्धमा, पूर्वाञ्चल विश्वविद्यालयद्वारा २०८१ सालमा सञ्चालन हुने **कला संकाय** अन्तर्गत सेमेष्टर परीक्षा प्रणाली अनुसार सञ्चालित स्नातकतह **B.M.T., B.I.D., B.S.W. र B.J.M.C.** शैक्षिक कार्यक्रमहरुको **चौथो सेमेष्टर**को (सन् 2024 मा सञ्चालन गरिने परीक्षाका लागि) **नियमित तथा आंशिक** तर्फ त्यस क्याम्पस/कलेजमा अध्ययन गरिरहेका विद्यार्थीहरुलाई **मिति २०८१।११।१८ गतेसम्म** परीक्षा आवेदन फाराम भराई नियमानुसारको परीक्षा शुल्क वापतको रकम **नबिल बैंक** स्थित यस कार्यालयको **CALL A/C 00710017518402** मा **मिति २०८१।११।२० गतेभित्र** जम्मा गरी सोको सक्कलै बैंक भौचर (Customer Copy) तथा परीक्षा फाराम क्याम्पस/ कलेजको प्रतिनिधि मार्फत यस कार्यालयमा **मिति २०८१।११।२२ गतेभित्र** उपलब्ध गराउनुहुन जानकारी गराउदै सम्बन्धित परीक्षार्थीहरुलाई भराउनु पर्ने परीक्षा आवेदन फाराम थान………………यसै पत्र साथ संलग्न गरी पठाइएको छ । साथै, तपसिल बमोजिमको निर्देशनहरु अनिवार्य रुपमा पालना गरि/गराई दिनुहुन समेत जानकारी गराइएको छ ।

तपशिल :

१. परीक्षार्थीहरुले परीक्षा आवेदन फारममा भरेको विवरणको नाम, विषयहरु र अन्य विवरण समेत पूर्णरुपले रुजू गरी **Batch** छुट्टयाई परीक्षार्थीको नाम अनुसार अंग्रेजी वर्णानुक्रममा मिलाई प्रत्येक **Batch** को छुट्टाछुट्टै अभिलेख तयार गरी पठाउनु पर्ने छ ।
२. परीक्षा आवेदन फारममा प्रत्येक परीक्षार्थीले आफ्नो रजिष्ट्रेशन नं. अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ । कुनै विद्यार्थीको रजिष्ट्रेशन सम्बन्धित कागजातहरु नपुग भई रजिष्ट्रेशन हुन नसेकमा त्यस्ता विद्यार्थीहरुको फारम स्वीकृत हुने छैन ।
३. आंशिक परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुले परीक्षा दिने विषयको नाम लेखी सोको पछाडि कोष्टमा प्रयोगात्मक वा लिखित कुन हो फारममा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ र मार्कसिटको प्रतिलिपी समेत अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।
४. सम्बन्धित क्याम्पस/कलेजहरुले परीक्षा आवेदन फाराम पठाउदा परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुको विषयगत संख्या **(Subject-wise Data)** खुलाई अनिवार्यरुपले **Batch** अनुसार संलग्न गरी पठाउनु पर्ने छ ।
५. परीक्षा आवेदन फारममा रहेको तीनवटा फोटो मध्ये पहिलो फोटोमा सम्बन्धित क्याम्पस/ कलेजका क्याम्पस प्रमुख/ प्राचार्यले फोटो र फारममा पर्ने गरी दस्तखत गरी प्रमाणित गर्नुपर्ने र अन्य दुईवटा फोटोमा यस कार्यालयबाट प्रमाणित गरिनेछ ।
६. परीक्षा आवेदन फारमको पछाडि रहेको सम्बन्धित विद्यार्थीको हाजिरी प्रतिशत अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ ।
७. परीक्षा आवेदन फारममा परीक्षार्थीले कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन ।
८. कलेजले संचालन गर्ने आन्तरिक मूल्याङ्कन परीक्षामा अनुतिर्ण र अनुपस्थित विद्यार्थीले परीक्षामा बस्न पाउने छैन । अटेर गरी परीक्षा दिएमा परीक्षाफल रद्द गरिनेछ ।

**९. परीक्षा शुल्क देहाय बमोजिम हुने छ-**

| विवरण | स्नातकतह | स्नातकोत्तरतह |
|---|---|---|
| १. नियमित/आंशिक प्रति बर्ष/ प्रति सेमेष्टर प्रति विद्यार्थी (२०२० समूह देखि) | रु. १२००।- /रु. १५००।- | रु. २१००।- |
| २. नियमित प्रति बर्ष/ प्रति सेमेष्टर प्रति विद्यार्थी (२०१९ समूह सम्म) | रु. ७००।- /रु. ११००।- | रु. १६००।- |
| ३. आंशिक १ विषय | रु. ५००।- | रु. ६००।- |
| ४. आंशिक २ विषय | रु. ८००।- | रु. ११००।- |
| ५. आंशिक २ भन्दा बढि विषय | रु. ११००।- | रु. १६००।- |
| ६. विलम्ब शुल्क (तोकिएको म्याद समाप्त भएको मितिले ७ दिन भित्र) | रु. १०००।- | |
| ७. विलम्ब शुल्क (परीक्षा शुरु हुनु भन्दा १० दिन अगाडि सम्म) | रु. २०००।- | |
| ८. विलम्ब शुल्क (परीक्षा शुरु हुनु भन्दा ५ दिन अगाडि सम्म) | रु. ३०००।- | |
| **सम्बन्धन शुल्क (प्रति विद्यार्थी / २०२३ समुह देखि)-** | | |
| ०९. BMT/ BSW/ BJMC | रु. ८०००।- | |
| १०. BID | रु. १००००।- | |
| **सम्बन्धन शुल्क (प्रति विद्यार्थी / २०२२ समुह सम्म)-** | | |
| ११. BMT / BSW / BJMC | रु. ५०००।- | |
| १२. BID | रु. ६०००।- | |

नोट : क्र.सं. ७ र ८ बमोजिमको शैक्षिक कार्यक्रम अनुसार पहिलो दिन शुरुहुने परीक्षालाई शुरु भएको दिन मानिने छ ।

**सह-परीक्षा नियन्त्रक**

website: www.puexam.edu.np, email: foarts@puexam.edu.np, ठेगानाः पुष्पलाल चौक, बिराटनगर, नेपाल, सम्पर्क नं.: ०२१-४६५२४०